# नियम २९ग. को कार्यान्वयनका लागि सूचनाको व्यहोरा

**अन्तःशुल्क टिकटको सुरक्षाको लागि पारदर्शी प्लाष्टिकको खोल (श्रिंक क्याप) प्रयोग गर्नु पर्ने सम्बन्धी जरुरी सार्वजनिक सूचना**

अन्तःशुल्क नियमावली २०५९ मा भएको चौविसौं संशोधनले संवत् २०८० साल असोज १ गते देखि पैठारी गर्ने इजाजतपत्रवालाले समेत पैठारी गरेको मदिरा (बियर,वाइन र साइडर बाहेक) को बोतलमा अन्तःशुल्क टिकटको सुरक्षाको लागि पारदर्शी प्लाष्टिकको खोल (श्रिंक क्याप) प्रयोग गर्नु पर्ने व्यवस्था सहित नियम २९ग. मा संशोधन गरेको छ।

अन्तःशुल्क नियमावली २०५९ को उल्लिखित व्यवस्था अनुसार संवत् २०८० साल असोज १ गते देखि पैठारी गर्ने इजाजतपत्रवालाले पैठारी गरेको मदिरा (बियर,वाइन र साइडर बाहेक) को बोतलमा अन्तःशुल्क टिकटको सुरक्षाको लागि पारदर्शी प्लाष्टिकको खोल (श्रिंक क्याप) प्रयोग गर्नु गराउन आवश्यक तयारी एवम् उक्त प्रावधानको प्रभावकारी कार्यान्वयनका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ । संवत् २०८० साल असोज १ गते देखि उल्लिखित कानूनी व्यवस्थाको उल्लंघन गरेको पाइएमा प्रचलित कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचना मार्फत सूचित गराइन्छ ।